# हेटौंडा उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## आर्थिक विकास (कृषि विकास) शाखा
## ग्रामिण महिला कृषक अर्गानिक खेती प्रवर्धन कार्यकम सम्बन्धि सूचना
## (दोश्रो पटक सूचना प्रकाशित मिति : २०७५/१२/०५ गते)

हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय कृषि विकास शाखा को आ.ब. २०७५/७६ को वार्षिक स्वीकृत कार्यक्रम (शीर्षक नं. २०) ग्रामिण महिला प्राङ्गारीक खेती प्रवर्द्धन कार्यकम अनुसार उपमहानगरपालिका क्षेत्र भित्रका ग्रामिण भेगका महिलाहरुको समुह/सहकारीले तपसिलको शर्तहरुको अधिनमा रहि २०७५ चैत्र १९ भित्र हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय कृषि विकास शाखा मा आवेदन दर्ता गराउन हुन यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरुः**

१. निवेदन दस्तुर रु १००।- (फिर्ता नहुने गरी) नगद तिरेको रसिद सहित हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय कृषि विकास शाखामा निवेदन दिनुपर्नेछ ।

२. निवेदन फाराम ग्रामिण महिला प्राङ्गारीक खेती कार्यक्रमको लागि मात्र हुनु पर्ने छ ।

३. निवेदन साथ निम्न कागजातहरु संलग्न भएको हुनु पर्नेछ ।

क) कृषक समूह/सहकारी संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपी (नविकरण सहित)।

ख) संस्था को प्यान दर्ता प्रमाणपत्र को प्रतिलिपी र अडिट रिपोर्ट ।

ग) प्राङ्गारीक खेती गर्ने कार्यक्रम माग गर्ने संस्थाको बैठकको निर्णयको प्रतिलिपी ।

४. अनुदान कार्यक्रममा छनौट भएमा कार्यालयले तोकेको स्पेसिफिकेशन बमोजमको कूल लागत मध्ये रु एक लाख अनुदान प्राप्त हुनेछ बांकी रकम समूह /सहकारी ले व्यहोर्नु पर्नेछ ।

५. अनुदान कार्यक्रममा छनौट भएमा हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय र सम्बन्धित समूह /सहकारी /संस्था बीच हुने सम्झौता अनुसार तोकिएको समयावधि भित्र कार्य सम्पन्न गर्नु पर्नेछ ।

६. अनुदान कार्यक्रममा छनौट गर्ने वा नगर्ने सम्पूर्ण अधिकार हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय मा रहने छ ।

७ रित नपुगेको र म्याद नाघि प्राप्त भएको निवेदन उपर कुनै कारवाही गरिने छैन ।

८. निवेदन फाराम प्राप्त गर्न तथा अन्य कुराहरु बुझ्नु परेमा हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कृषि विकास शाखामा सम्पर्क गर्नु होला ।

**हेटौंडा उपमहानगरपालिका,**

**नगर कार्यपालिकाको कार्यालय, कृषि विकास शाखा, हेटौंडा**

**फोन ०५७- ५२०३७७ मो. ९८५५०६८३९३**